सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) १६ अप्रेल, २०२१ | अङ्क १३

## भारत रत्न डा. भीमराव अम्बेडकरको १३०औं जन्म जयन्ती पालन



**गान्तोक, १४ अप्रेल,** संविधान निर्माता भारत रत्न डा. भीमराव अम्बेडकरको १३०औ जन्म जयन्तीको अवसरमा गान्तोकस्थित विधानसभा सचिवालय परिसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री प्रेमसिंह तामाङले भारतको स्वतन्त्रता र संविधानको निर्माणमा डा.अम्बेडकरको योग्दानमाथि प्रकाश पार्नुभयो। मुख्यमन्त्री तामाङले डा. अम्बेडकरलाई महान विद्वान, समाज सुधारक, राष्ट्रवादी र विश्वकै सबैभन्दा लामो संविधानका वास्तुकार भनी सम्बोधन गर्नुभयो। डा. अम्बेडकरले दलितहरूको उत्थानको निम्ति आजन्म इमानदार भएर काम गरेको अनि देशका दलितहरूलाई संगठित गरेर देशको स्वतन्त्रता संग्राममा सहभागी गराएको पनि बताउनुभयो।

मुख्यमन्त्रीले जातीय एकतामाथि जोड दिनुहुँदै सबै वर्गमा समानता र सद्भावनाले मात्र कुनै समाजको वस्ताविक अर्थमा विकास हुने कुरा बताउनुभयो। इश्वरले संसारमा केवल पुरुष र महिला जाति बनाएका हुन भन्नुहुँदै जातपात र छुवाछुतको संकिर्णताबाट माथि उठ्ने उहाँले सबैसित अपील गर्नुभएको छ। तर, सिक्किम राज्यको अवस्था भने यस विषयमा अलिक फरक रहेको उहाँले बताउनुभयो। सिक्किममा जातीय सद्भावना, एकता र भाईचारा रहेको, यहाँ कसैले कसैको कुभलो नचाहने गरेको पनि मुख्यमन्त्रीले बताउनुभयो।

यसअघि मुख्यमन्त्री प्रेमसिंह तामाङले डा. अम्बेडकरको प्रतिमामा खदा र माला चढ़ाएर श्रद्धाजलि अर्पण गर्नुभयो। कार्यक्रममा विधानसभा उपाध्यक्ष साङ्गे लेप्चा, लोकसभा सांसद इन्द्रहाङ सुब्बा, मन्त्रीगण, विधायकगण, विभागीय अधिकारीगण तथा अन्यको उपस्थिति थियो।

यस अवसरमा मुख्यमन्त्री तामाङले राज्यका सरकारी कर्मचारीहरुलाई आफ्नो कर्तव्य इमानदारितापूर्वक निर्वाह गर्ने कड़ा निर्देश पनि दिनुभएको छ। उहाँले बिहान दशदेखि अपरान्ह चार-तीस बजीसम्म अनिवार्य रुपमा कार्यालयमा रहेर जनताको काम गर्नुपर्ने नत्र कड़ा कार्यवाही गरिने बताउँनुहुँदै जनताको काम नगर्ने अधिकारी र कर्मचारीले स्वेच्छिक अवकाश लिनसक्ने छन भन्नुभएको छ।

## वैशाखी पर्वले जातीय एकताको सन्देश दिंँदछः मुख्यमन्त्री



**गान्तोक।**

मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभएको छ, वैशाखी पर्व नेपाली जातिको मात्र नभएर सम्पूर्ण सिक्किमेको पर्व हो अनि यस पर्वले जातीय एकताको संदेश दिंँदछ। १४ अप्रेलका दिन राजधानी गान्तोकमा नेपाली साहित्य परिषद, सिक्किमद्वारा आयोजित नेपाली नयाँ वर्ष अर्थात वैशाखी पर्व समारोहलाई सम्बोधन गर्नुहुँदैं मुख्यमन्त्रीले भन्नुभयो, सबै जात जाति एकजुट भएको खण्डमा मात्र सिक्किम राज्य बलियो हुनेछ।कार्यक्रमको पूर्वार्द्धमा बिहान आयोजित शोभायात्रामा विभिन्न जात-जातिले सहभागिता जनाएका थिए। स्थानीय चिन्तन भवनदेखि आरम्भ भएर तिब्बत पथ, टाइटनिक पार्क, हस्पिटल डाँड़ा हुँदै मनन भवनमा पुगेको यस शोभायात्रमा मुख्यमन्त्रीले पनि सहभागिता जनाउनुभएको थियो। यस पश्चातको कार्यक्रम भने मुख्य कार्यक्रम मनन भवनमा सम्पन्न भयो, जसमा सिक्किमका

*रहल पृष्ट ३ मा...*

## विद्यार्थीहरूको निम्ति सीट आवण्टन कार्यक्रम सम्पन्न




**गान्तोक।**

शिक्षा विभागले टाशी नामग्याल अकादमीमा'चीफ मिनिस्टर्स मेरिट स्कलरशीप स्कीम' (सीएमएमएसएस)-को निम्ति परामर्श अनि सीट आवण्टन कार्यक्रम सम्पन्न गर्‍यो। कार्यक्रममा शिक्षा विभागका मन्त्री श्री कुङ्गा निमा लेप्चा मुख्य अतिथि रहनुभएको थियो। कार्यक्रममा सल्लाहकार एमपी सुब्बा, अतिरिक्त मुख्य सचिव जीपी उपाध्याय र शिक्षा विभागका अधिकारीहरू, स्कूल शिक्षकहरू तथा उक्त स्कीमको निम्ति चयनित विद्यार्थीहरू र तिनीहरूका अभिभावकहरू पनि कार्यक्रममा उपस्थित थिए। मुख्य अतिथि मन्त्री लेप्चाले सीएमएमएसएस पाउने ५५ जना विद्यार्थीहरूलाई बधाई दिंँदै भने, यो राज्य सरकारले विद्यार्थीहरूलाई राज्यका नामी स्कूलहरूमा अध्ययनको सुविधा (छात्रवृत्ति)

*रहल पृष्ट ३ मा...*

## मुख्यमन्त्रीले लगाउनुभयो कोभिड खोपको पहिलो डोज




**गान्तोक।**

देशका अन्य भागसितै सिक्किममा पनि ११-देखि १४ अप्रेलसम्म चार दिन टिका उत्सव पालन गरियो। टीका उत्सवको शुरूमा ११ अप्रेलका दिन मुख्यमन्त्री प्रेमसिंह तामाङले गान्तोक स्थित एसटीएनएम अस्पतालबाट कोभिड १९ खोपको पहिलो डोज लगाउनुभयो।

खोप लगाएपछि मुख्यमन्त्रीले ४५ वर्ष भन्दा बढ़ी उमेरका सबै मानिसहरुसित टीका लगाउने आग्रह गर्नुभयो। उहाँले हातको सफाई ,मास्कको प्रयोग तथा शारीरिक व्यवहारको पालन गर्न पनि सबैसित आग्रह गर्नुभएको छ। यसका साथै उहाँले टीका लगाएपछि पनि लापरवाही गर्नु नहुने र कोभिड उपयुक्त व्यवहार पालन गर्नुपर्ने बताउँनुभयो।

कोभिड १९ खोप निशुल्क उपलब्ध गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रती कृतज्ञता व्यक्त गर्नुहुँदै मुख्यमन्त्रीले दवाई पनि कड़ाई पनि माथि जोड़ दिनुभएको छ।

# डा. बीआर अम्बेडकरको जीवनीबारे संक्षिप्त परिचय



डा भीमराव रामजी अम्बेडकर (१४ अप्रेल १८९१-६ दिसम्बर १९५६) बाबासाहेबको नामले पनि प्रसिद्ध थिए। उनी एक विधिवेत्ता, अर्थशास्त्री, राजनीतिज्ञ र सामाज सुधारक थिए जसले अछुत (दलित)माथि भएको पक्षपात र शोषणको विरोधमा आन्दोलन र अभियान चलाएका थिए। उनको यस आन्दोलनद्वारा महिला र मज्दुरहरु पनि पोषित बनेका थिए। उनी स्वतन्त्र भारतका प्रथम कानुन मन्त्री थिए र साथसाथै भारतको सम्विधानको रचना गर्ने प्रमुख शिल्पकार पनि। अम्बेडकर एक बहुसर्जनात्मक विद्यार्थी भएका कारणले कलोम्बिया विश्वविद्यालय र लन्डन स्कुल अफ इकनमिक्सबाट कानुन सम्बन्धी उपाधि तथा विद्यावारिधी प्राप्त गरेका थिए। आफ्नो पूर्व पेशामा उनी एक अर्थशास्त्री, प्राध्यापक एवम् वकील थिए। उनको पछिल्लो जीवनावधि राजनीतिक क्रियाकलापमा बितेको थियो जहाँ उनले भारतीय स्वतन्त्रताको निम्ति लड्दै, दलितहरुको लागि वकालत गर्दै पत्रिकाहरुको सम्पादन/प्रकाशन गरेका थिए र विशेषरुपमा भारतलाई पूर्ण राष्ट्रको रुपमा स्थापित गर्न योगदान पुऱ्याएका थिए। सन् १९३५-मा उनी बौद्धमार्गी बनेका थिए जुन दिशातर्फ जान उनले धेरै दलितहरुलाई प्ररित गरे। सन् १९९०-मा, मरणोप्रान्त, उनलाई भारतको सर्वोच्च नागरिक सम्मान भारत रत्न प्रदान गरियो। अम्बेडकरको विरासतीय सम्पदालाई लोकप्रिय संस्कृतिहरुमा दर्शाइएको पाइन्छ।

**जन्म-**

अम्बेडकरको जन्म सन् १८९१-को १४ अप्रेलको दिन मध्यप्रदेश अनतर्गत पर्ने म्हउको मिलिटरि कयान्टोन्मेन्टमा भएको थियो। उनी रामजी मलोजी सकपाल नामक एक सैनिक अधिकारी र भीमाबाई मुरबदकर सकपालको कोखबाट जन्म लिने १४औं र अन्तिम सन्तान थिए। अम्बेडकरको जन्म दलित परिवारमा भएको हुनाले उनका परिवारले सामाजिक साथै आर्थिक भेदभावको सामना गर्नुपरेको थियो। उनको बचपनको नाम रामजी सकपाल थियो। अम्बेडकरको पूर्वज धेरै लामो समयसम्म ब्रिटिस इस्ट इन्डिया कम्पनीमा सेनाको रुपमा कार्यरत थिए अनि उनको पिता ब्रिटिस भारतीय सेनाको म्हउ छाउनीमा कार्यरत थिए। उनको पिताले परिवारलाई सदैव शिक्षा आर्जन गर्नुपर्ने कुरामा जोड दिँदै उच्च शिक्षाको निम्ति प्रोत्साहित गर्दथे। सन १८९४ मा भीमराव अम्बेडरको पिता सेनाबाट सेवानिवृत भए अनि यसको दुई वर्षपछि उनको आमाको निधन भयो। आमाको मृत्यु पश्चात अम्बेडरको काकीले नै अम्बेडरको लालनपालन गरेका थिए। आफ्ना दिदी भाईहरुमध्ये अम्बेडकरले नै उच्च शिक्षा प्राप्त गर्न सफल भए। उनको साथीको सुझाउअनुसार आफ्नो नामबाट सकपाल हटाएर अम्बेडकर राखेका थिए। उनले ८ अगस्त १९३०-को शोषित वर्गको सम्मेलनको अवसरमा राजनीतिक क्षेत्रमा आफ्नो राजनैतिक विचार जनतासमक्ष राखेका थिए। आफ्नो विवादास्पद विचार साथै गान्धी अनि कंग्रेसको कटु आलोचना पश्चात पनि अम्बेडकरको प्रतिष्ठा झनै बढेर गएको थियो। १५ अगस्त १९४७-मा भारत स्वतन्त्र भए पश्चात र कांग्रेस सरकार सत्तामा आएपश्चात अम्बेडकरलाई देशको प्रथम कानून मन्त्री बन्ने अवसर प्राप्त भएको थियो। यस पश्चात २९ अगस्त १९४७-मा स्वतन्त्र भारतको नयाँ सम्विधानको निम्ति बनेको सम्विधान मस्यौदा समितिमा उहाँलाई अध्यक्ष नियुक्त गरियो। यसपछि २६ नोभेम्बर १९४८-मा सम्विधानसभाले सम्विधान अवलम्बन गरेको थियो। डा. अम्बेडकर दलित राजनीतिक नेता अनि समाज पुनरुत्थानवादी हुनका साथै भारतीय संविधानको मुख्य शिल्पकार थिए। उनी बाबासाहेबको नामले प्रचलित थिए। दलित अनि अस्पृश्य परिवारमा जन्मेका कारणले जीवनभरि नै उनी भेदभाव अनि छुवाछुतको सामना गर्नतिर अग्रसरित भए। उनले आफ्नो सारा जीवन हिंदु धर्म प्रणाली अनि भारतीय समाजमा सर्वव्याप्त जाति व्यवस्था विरुद्ध सङ्घर्षमा बिताए। हिन्दू मानव समाजमा वर्णित चार वर्ग जस्तै ब्राह्मण, क्षत्रिय, वैश्य अनि शूद्र-को व्यवस्थालाई परिवर्तन गर्न सारा जीवन नै सङ्घर्षरत भइरहे। यसैकारण उनले बौद्ध धर्म ग्रहण गरी बौद्ध धर्मको समतावादी विचारबाट समाजमा समानता स्थापित गराउन जोड गरे। उनलाई बौद्ध आन्दोलन सुरु गर्ने श्रेय पनि जान्छ। बाबासाहेब अम्बेडकरलाई भारत रत्नबाट सम्मानित गरियो जो भारतको सर्वोच्च नागरिक सम्मान हो।धेरै सामाजिक अनि वित्तीय बाधाहरुलाई पार गर्दै अम्बेडकरले भारतमा कलेजको शिक्षा प्राप्त गरका थिए। अम्बेडकरले कानूनको उपाधि प्राप्त गर्नका साथै अर्थशास्त्र औ राजनीति-विज्ञानमा आफ्नो अध्ययन र अनुसन्धानको कारण कोलम्बिया विश्वविद्यालय अनि लन्दन स्कुल अफ इकनोमिक्सबाट डक्टरेट डिग्रि पनि आर्जित गरका थिए। विदेशमा अध्ययन गरेपश्चात अम्बेडकर एक प्रसिद्ध विद्वानको रुपमा भारत फर्के।

**प्रारम्भिक जीवन**

कबीर पन्थसित सम्बन्धित अम्बेडकरको परिवारमा, रामजी सकपालले, आफ्नो नानीहरुलाई हिन्दू धर्मसित सम्बन्धित पुस्तक जस्तै महाभारत अनि रामायण पढ्न प्रोत्साहित गर्थे। अम्बेडकरको पिताले जातगत धेरै भेदभावहरु सहनु परेको कारण नानीहरुलाई शिक्षित बनाउन अनिवार्य रहेको महसूस गरी उनीहरुलाई शिक्षा दिनमा उनले जोड गरे। अम्बेडकर स्कुलमा अब्बल रहे तापनि उनी एक अछुत अनि दलित परिवारबाट आएको कारण उनलाई स्कूलमा अलग्ग राखिन्थ्यो। १८९४-मा रामजी सकपाल सेवानिवृत्त भएपश्चात उनीहरु सपरिवार सतारा गए अनि यसको दुई वर्षपछि अम्बेडकरको आमाको मृत्यु भएको थियो। रामजी सकपालले १८९८-मा पुनर्विवाह गरे अनि परिवारको साथ मुम्बई सरे। त्यहाँ अम्बेडकर एल्फिंस्टोन रोड स्थित गवर्नमेन्ट हाइ स्कुलमा पढ्न थाले। उनी पढाईमा अब्बल रहे तापनि जातीय भेदभावको कारण सदैव दुःखी रहे। १९०७- मा म्याट्रिक परीक्षा पास गरेर अम्बेडकरले बम्बई विश्वविद्यालयमा प्रवेश लिए अनि यसप्रकार उनी भारतभित्र कलेजमा प्रवेश लिने पहिलो दलित बने। उनको यस सफलताले समाजमा सबै खुशी भए अनि सार्वजनिक कार्यक्रममा उनलाई सम्मान जनाइयो। यसै कार्यक्रममा उनको एकजना शिक्षक कृषणजी अर्जुन केलूसकरले उनलाई महात्मा बुद्धको जीवनी सम्बन्धी पुस्तक दिएका थिए। श्री केलूसकर, मराठी जातिको विद्वान थिए। एक वर्षअघि अम्बेडकरले दोपालीको ९ वर्षीय कन्या रमाबाईसित हिन्दू रीतिरिवाज अनुसार मङ्गनी गरेका थिए। १९०८-मा उनले एलफिंस्टोन कलेजमा भर्ना लिए अनि बडौदाको गायकवाड् शासक सयाजीराव तृतीयबाट संयुक्त राज्य अमेरिकामा उच्च अध्ययनको निम्ति पच्चीस रुपियाँ प्रति महिनाको छात्रवृति प्राप्त गरे। १९१२-मा बड़ौदा राज्य सरकारको नोकरीको निम्ति तैयार भए। उनकी पत्नीले यसै साल पहिलो सन्तानलाई जन्म दिइन र उनी आफ्नो परिवारसितै बड़ौदा गएकी थिइन्।

**शिक्षा**

गायकवाड शासकले संयुक्त राज्य अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा गएर अध्ययनका निम्ति अम्बेडकरलाई चयन गर्नका साथै ११.५ डलर प्रति महिना छात्रवृति पनि प्रदान गरेका थिए। न्युयोर्क शहरमा आएपश्चात अम्बेडकरलाई राजनीति-विज्ञान विभागमा स्नातक तहको अध्ययनको निम्ति प्रवेश प्राप्त भयो। यस क्रममा अम्बेडकरले भारतीय विद्यार्थीद्वारा सञ्चालित आवास क्लबमा बसेर अध्ययन गर्न थाले। अम्बेडकरले इवोल्युसन अफ प्रोविन्सियल फिनान्स इन ब्रिटिस इन्डिया पुस्तक प्रकाशित गरेका थिए। अम्बेडरले पिएचडी समाप्त गरेपश्चात लन्डनको लन्दन स्कुल अफ इकोनमिक्समा कानुन अध्ययन र अर्थशास्त्र डक्टरेटको तयारी गर्न थाले। अध्ययनको क्रममा छात्रवृत्तिको समाप्ति भएकोले आफ्नो पढाईलाई बीचैमा छाडी भारत फर्केका थिए। बड़ौदा राज्यमा सेना सचिवको पदमा कार्यरत रहँदा फेरि एकपल्ट छुवाछुत अनि भेदभावको शिकार हुन परेकोले उदास बनेका अम्बेडकरले त्यस नोकरीलाई त्याग गरी निजी ट्युटर अनि लेखाकारको रुपमा काम गर्न थाले। उनले शुरु गरेको परामर्श व्यवसाय सामाजिक स्थितिको कारण विफल भएको थियो। यसपछि अम्बेडकरले बम्बईको सिडनेम कलेज अफ कमर्स एन्ड इकनोमिक्समा राजनीतिक अर्थ व्यवस्थाको प्रोफेसरको रुपमा नोकरी गर्न थाले। १९२०-मा फेरि इङ्गल्यान्डमा जाने अवसर प्राप्त भयो अनि यही अवसरको लाभ उठाउँदै उनले आफ्नो शोध प्रोब्लम्स अफ द रुपी (रुपियाँको समस्या)लाई पूरा गरे अनि लन्दन विश्वविद्यालयद्वारा डक्टर अफ साइन्सको उपाधि प्रदान गरिएको थियो। उनले कानून विषयको अध्ययनको समाप्तिसितै ब्यारिस्टरको रुपमा प्रवेश लिएका थिए। उनलाई औपचारिकरुपमा ८ जून १९२७-मा कोलम्बिया विश्वविद्यालयद्वारा विद्यावारिधी प्रदान गरियो।

**छुआछूत विरुद्ध सङ्घर्ष**

भारत सरकार अधिनियम १९१९, तैयार गरिरहेको साउथबोरो समितिसमक्ष, भारतको प्रमुख विद्वानको रुपमा अम्बेडकरलाई गवाही दिनको निम्ति आमन्त्रित गरिएको थियो। यस सुनवाईको क्रममा अम्बेडकरले दलित अनि अन्य धार्मिक समुदायको निम्ति अलग निर्वाचिका अनि आरक्षण दिने वकालती गरेका थिए। उनको यस विचार जनतासमक्ष लोकप्रिय भयो। यसपश्चात दलितवर्गको शैक्षिक, राजनीतिक उत्थानको निम्ति बहिष्कृत हितकारिणी सभा स्थापित गरिएको थियो।

सन् १९२६-मा, उनी बम्बई विधान परिषदमा एक मनोनीत सदस्य बने। सन् १९२७-मा डा. अम्बेडकरले छुआछूतको विरोधमा एक व्यापक आन्दोलन सुरू गर्ने निर्णय लिए। उनले सार्वजनिक आन्दोलन र जुलुसहरु आयोजन गरी दलित अनि अछूतलाई मन्दिरहरुमा प्रवेश गर्ने अधिकार दिलाउने सङ्घर्ष गरे। उनले महडमा दलित समुदायलाई पनि सहरको पानीको मुख्य ट्याङ्कीबाट पानी लिने अधिकार दिलाउन सत्याग्रह चलाए।

**राजनीतिक जीवन**

१३ अक्टोबर १९३५-मा, अम्बेडकरलाई सरकारी ल कलेजमा प्रधानाचार्य नियुक्त गरियो जहाँ उनले दुइ वर्षसम्म काम गरे। यसै अवधिमा अम्बेडकर बम्बईमा बसाईं सरे जहाँ उनले एउटा ठूलो घर बनाए र त्यसभित्र स्थापित निजी पुस्तकालयमा ५०,०००-भन्दा अधिक पुस्तक भेला पारे। यसै वर्ष उनको पत्नी रमाबाई लामो

रहल पृष्ठ ३ मा......

# पूर्वोत्तर क्षेत्रमा कौशल भारतको क्षेत्रीय कार्यगोष्ठी सम्पन्न

**गान्तोक।**

केन्द्रिय कौशल विकास एवं उद्यमशीलता मन्त्रालय (एमएसडीई) कौशल विकास योजना (पीएमकेभीवाई) ३.०-का लागि आफ्नो प्रकारको प्रथम कार्यगोष्ठी आयोजन गरियो। औद्योगिक उत्पादनशीलता बढाउनका साथै देशको आर्थिक विकासमा योगदान पुऱ्याउन युवाहरूलाई उद्योग सम्बन्धी कौशलद्वारा सशक्त बनाउने परिकल्पनाका साथ पूर्वोत्तरका सबै राज्य जस्तै सिक्किम, अरूणाचल प्रदेश, आसम, मणिपुर, मेघालय, मिजोराम, नागाल्याण्ड र त्रिपुराका राज्य कौशल विकास अभियान (एसएसडीएम) तथा जिल्ला कौशल समितिको सहयोगमा एकदिने कार्यशाला आयोजित गरियो।

श्रेष्ठ कार्यप्रणालीबाट सिक्ने, पीएमकेभीवाई ३.०-सित सम्बन्धित चुनौतीहरू बुझ्ने तथा प्राविधिक मञ्च-कौशल भारत पोर्टलको (एसआईपी) सदुपयोगबारे विस्तृत समझदारी विकसित गर्ने उद्देश्यका साथ आयोजित कार्यशालामा केन्द्रका साथै राज्य सरकारका अधिकारीहरू उपस्थित थिए।

यस अवसरमा सिक्किम सरकारको कौशल विकास विभागका सल्लाहकार सतीशचन्द्र राई, केन्द्रिय कौशल विकास एवं उद्यमशीलता मन्त्रालयका (एमएसडीई) सचिव प्रवीण कुमार, एमएसडीका अतिरिक्त सचिव अतुलकुमार तिवारी, एनएसडीसीका एमडी एवं सीईओ डा. मनिष, सिक्किम सरकारको कौशल विकास विभागकी सचिव गङ्गादेवी प्रशान, संयुक्त सचिव सञ्जीव कुमार लगायत अन्य वरिष्ठ अधिकारीको उपस्थिति थियो। यसका साथै विभिन्न औद्योगिक प्रशिक्षण संस्थानले (आइटीआई) पनि भिडियो सम्मेलनमार्फत सहभागिता जनाउनुभयो।

केन्द्रिय कौशल विकास एवं उद्यमशीलता मन्त्रालयका सचिव प्रवीण कुमारले आफ्नो सम्बोधनमा प्रधानमन्त्री नरेन्द्र मोदीको एक्ट इस्ट नीतिअनुरूप पूर्वोत्तर क्षेत्रको उत्तरोत्तर विकासलाई प्राथमिकता प्रदान गरिएको जानकारी दिनुभयो। पूर्वोत्तर क्षेत्रको सर्वव्यापी विकासतर्फ सरकारको निरन्तर प्रयासअनुरूप पूर्वोत्तरका सबै आठवटा राज्यका युवाहरूलाई सशक्त बनाउँदै औद्योगिक क्षेत्रमा रोजगारको निम्ति तयार बनाउने उद्देश्यका साथ पीएमकेभीवाई ३.०-अन्तर्गत कौशल विकासको कार्यक्षेत्र र प्रभावलाई अरू व्यापक बनाउन यो एकदिने कार्यगोष्ठी आयोजन गरिएको उहाँले अवगत गराउनुभयो। यस चर्चा-परिचर्चाले विभिन्न स्थानीय प्राधिकरणले प्रमुख अध्ययन एवं सिकाइको सम्बन्धमा झेलिरहेका कठिनाईहरू बुझ्न महत भूमिका खेल्दै पीएमकेभीवाई ४.० कार्यक्रमलाई अरू समुचित रूपमा विकसित गर्न सघाउ पुऱ्याउने उहाँले बताउनुभयो। उद्योग ४.०-अनुरूप भविष्यमा काम लाग्ने कौशल प्रदान गर्नका साथै पूर्वोत्तरका युवाहरूलाई दीर्घगामी आजीविका अवसरहरू प्रदान गर्नका अतिरिक्त सरकारको भोकल फर लोकल योजनालाई प्रोत्साहित गर्न आवश्यक ध्यान दिन जरूरी छ। देशमा कौशल विकास पहलहरूलाई सहक्रियाशील बनाउन केन्द्र अनि राज्य सरकारबीच रचनात्मक संवादले केन्द्रिय

रहल पृष्ठ ४ मा......

**डा.बी.आर अम्बेडकरका.....**

बिमारीको कारणले खसे।

मृत्युअघि रमाबाई तीर्थयात्राको निम्ति पंढरपुर जान चाहन्थिन तर अमबेडकरले उनलाई त्यसको लागि अनुमति दिएको थिएन। अम्बेडकरले भनेका थिए कि त्यस हिन्दू तीर्थमा जहाँ उनलाई अछुत मानिन्छ जीनुको कुनै अर्थ छैन। १३ अक्टूबरमा नासिक नजिक येओलामा एक सम्मेलनलाई सम्बोधन गर्दै धर्म परिवर्तन गर्ने इच्छा व्यक्त गर्दै आफ्नो अनुयायीहरुलाई पनि हिन्दू धर्म छाडेर अरु धर्म अप्नाउने आह्वान गरे। उनले यही कुरालाई विभिन्न सार्वजनिक सभामा दोहोऱ्याए। १९३६-मा अम्बेडकरले स्वतन्त्र लेबर पार्टीको स्थापना गरे जसले १९३७-को केन्द्रीय विधानसभा चुनाउमा १५ सिट जित्यो। उनले आफ्नो पुस्तक 'जाति के विनाश' पनि यसै वर्ष प्रकाशित गरे जो उनको न्युयोर्कमा लेखिएको शोधपत्रमा आधारित थियो। यस सफल र लोकप्रिय पुस्तकमा अम्बेडकरले हिन्दू धार्मिक नेता अनि जाति व्यवस्थाको जोरदार आलोचना गरे। उनले अस्पृश्य समुदायको मानिसहरुलाई गाँधीद्वारा रचित शब्द हरिजन पुकारिने कांग्रेसको फसेलोको पनि निन्दा गरे।

**संविधान निर्माण**

१५ अगस्त १९४७-मा भारत स्वतन्त्रतापछि तत्कालीन सरकारले उनलाई देशको पहिलो कानून मन्त्री बन्ने आमन्त्रणा गरेको थिए जसलाई उनले स्वीकारे। १९४७-मा अम्बेडकरलाई स्वतन्त्र भारतको संविधान निर्माणको निम्ति बनिएको संविधान मसौदा समितिको अध्यक्ष पदमा नियुक्त गरियो। अम्बेडकरको मसौदा तैयार गर्ने कामलाई सबैले प्रशंसा गरे। अम्बेडकरद्वारा तयार गरिएको संविधान पाठमा संवैधानिक ग्यारन्टीका साथै धार्मिक स्वतन्त्रता, अस्पृश्यताको अन्त्य अनि सबैप्रकारको भेदभावलाई गैरकानूनी मानियो। अम्बेडकरले महिलाहरुको निम्ति धारा ३७०-मा व्यापक आर्थिक और सामाजिक अधिकारको वकालती गरे अनि अनुसूचित जाति र अनुसूचित जनजाति समुदायको निम्ति सिविल सेवा, स्कुल अनि कलेजमा नोकरीको निम्ति आरक्षण प्रणाली सुरू गर्नको निम्ति सभाको समर्थन प्राप्त गरे।

**बौद्ध धर्ममा परिवर्तन**

सन् १९५०-को दशकमा अम्बेडकर बौद्ध धर्मप्रति आकर्षित भए अनि बौद्ध भिक्षु औ विद्वानको सम्मेलनमा भाग लिनको निम्ति श्रीलङ्का गए। पुणे नजिक एक नयाँ बौद्ध विहार लाई समर्पित गर्दै, अम्बेडकरले बौद्ध धर्ममाथि एउटा पुस्तक लेखिरहेको अनि उक्त पुस्तकको लेखन समाप्ति पश्चात बौद्ध-धर्म अप्नाउने घोषणा गरे। १९५४-मा अम्बेडकरले दुईपल्ट बर्मा-को भ्रमण गरे, दोस्रोपल्ट रङ्गुनमा तेस्रो बौद्ध फेलोसिपको सम्मेलनमा भाग लिए। १९५५-मा उनले भारतीय बौद्ध महासभा औ बौद्ध सोसाइटि अफ इन्डियाको स्थापना गरे। उनले आफ्नो अन्तिम लेख, 'द बुद्ध एन्ड हिज़ धम्म' १९५६-मा पूरा गरे जो उनको मृत्युपश्चात प्रकाशित भयो। १४ अक्टूबर १९५६-मा नागपुरमा अम्बेडकरको स्वयम् अनि उनको समर्थकहरुको निम्ति एक औपचारिक सार्वजनिक समारोहको आयोजन गरे। अम्बेडकरले एक बौद्ध भिक्षुबाट पारम्परिक तरिकाबाट तीन रत्न ग्रहण र पन्चशील अप्नाउँदै बौद्ध धर्म ग्रहण गरे। यसपश्चात उनले, एक अनुमान अनुसार, लगभग ५००००० समर्थकहरुलाई बौद्ध धर्ममा परिवर्तित गरे। यसपछि नेपाल -मा चौथो विश्व बौद्ध सम्मेलनमा भाग लिन काठमाण्डौं गए। उनले आफ्नो अन्तिम पाण्डुलिपि 'बुद्ध या कार्ल मार्क्स' २ दिसंबर १९५६-मा पूरा गरे।

**मृत्यु**

१९४८-देखि, अम्बेडकर मधुमेह पीडित थिए। जून-देखि अक्टूबर १९५४ सम्म उनी धेरै सिकिस्त बिमार भए। राजनीतिक मुद्दा साथै निरन्तर काम अनि थकानबाट अझै बिमार हुँदै गए। आफ्नो अन्तिम पाण्डुलिपी 'बुद्ध अनि उनको धम्म' पूरा गरेको तीन दिन पछि ६ दिसम्बर १९५६ मा अम्बेडकरको मृत्यु भयो। ७ दिसम्बरमा चौपाटी समुद्र तटमा बौद्ध धर्मअनुसार उनको अन्तिम संस्कार गरियो जहाँ हजारौंको सङ्ख्यामा उनका समर्थक, कार्यकर्ता अनि प्रशंसकहरुको उपस्थिति रहेको थियो। अम्बेडकरको मृत्युपश्चात उनकी दोस्रो पत्नी सविता अम्बेडकर जिवित थिएन। उनी ब्राह्मण परिवारबाट थिइन् अनि अम्बेडकरसित विवाह पश्चात धर्म परिवर्तन गरी बौद्ध बनेकी थिइन।

**स्मारक**

अम्बेडकरको दिल्लीस्थित घर २६ अलीपुर रोडमा 'अम्बेडकर स्मारक' स्थापित गरिएको छ। १९९०-मा उनलाई मरणोपरान्त भारतको सर्वोच्च नागरिक सम्मान भारत रत्नद्वारा सम्मानित गरियो। धेरै सार्वजनिक संस्थानको नाम उनको सम्मानमा राखिएको छ जस्तै हैदराबाद, आन्ध्र प्रदेशलाई डा. अम्बेडकर मुक्त विश्वविद्यालय, बिआर अम्बेडकर बिहार विश्वविद्यालय- मुजफ्फरपुर, डा. बाबासाहेब अम्बेडकर अन्तर्राष्ट्रीय हवाई अड्डा आदि। उनका विभिन्न स्मारकअघि धेरैभन्दा धेरै मानिसहरुले उनको जन्मजयन्ती (१४ अप्रेल) र पुण्यतिथि (६ दिसम्बर) मा श्रद्धाञ्जलि अर्पित गर्न एकत्रित हुन्छन्।

# कोभिड खोप लगाउन मन्त्रीको अपील

**गान्तोक।**

सूचना एवं जनसम्पर्क विभाग मन्त्री श्री लोकनाथ शर्माले ४५ वर्षभन्दा बढ़ी उमेरका सबै मानिसहरूसित कोभिड १९ खोप लगाउने अपील गर्नुभएको छ। एउटा भिडियो सन्देशमा शर्माले भन्नुभएको छ, सिक्किमका धेरै मानिसहरूलाई पनि कोभिड १९-को दोस्रो लहरले चपेटमा पारेको छ अनि ग्रामीण क्षेत्रसहितका सबै योग्य मानिसहरूले अघि आएर टीकाकरण गर्नुपर्छ। उहाँले सबैसित कोभिड १९ प्रोटोकल पालन गर्न अनि निर्देशिका पालन गर्न पुलिसलाई साथ दिने आग्रह गर्नुभएको छ। उहाँले जानकारी दिँदै भन्नुभयो, राज्य सरकारले कोभिड १९ प्रोटोकलको उल्लङ्घन गर्ने मानिसहरूलाई चलान काट्ने पुलिसलाई निर्देश दिएको छ। उहाँले मानिसहरूसित आवश्यकता नपरेसम्म घरबाट बाहिर नजाने आग्रह पनि गर्नुभएको छ।

# कोभिड टीकाकरणबारे जिल्ला कार्यबलको सभा सम्पन्न

**मङ्गन।**

उत्तर जिल्लाका जिल्लापाल तेन्जिङ टी काल्योनले उत्तर जिल्लाका हितधारकहरू र जिल्ला कार्यबललाई लिएर एक बैठकको अध्यक्षता गर्नुभयो। उक्त सभा गर्नुको उद्देश्य कोभिड-१९ रोकथाम र यसको टीकाकरणलाई लिएर तयार मापदण्डहरूबारे छलफल गर्नु रहेको थियो। कोभिड१९को निम्ति उत्तर जिल्ला कार्यबलको अध्यक्ष पनि रहेका जिल्लापाल काल्योनका साथमा उक्त सभामा अतिरिक्त जिल्लापाल सोनाम लेप्चा, डीआरसीएचओ डा. तारा गौतम, सीएमओ टेम्पो टी काल्योन, सब डिभीजनल मेजिस्ट्रेट (मंगन) केटी भोटिया, एडीसी (विकास) आरबी भण्डारी, डीएमएस डा. रिञ्जिङ डोमा भोटिया र उत्तर जिल्लाका अन्य विभिन्न अधिकारीहरू उपस्थित थिए। जिल्लापालले कोभिड भाइरसको कसरी रोकथाम गर्नुपर्ने भन्नेबारे विस्तृतमा जानकारी दिए र त्यसमा विभागले सहयोग पुऱ्याउने उनले बताए।

जिल्लापालले सीएमओ-लाई दैनिक रूपमा कोभिड सम्बन्धित सूचना उपलब्ध गराउने आग्रह गरे भने यसबारे सूचना जिल्लाका सबै क्षेत्रमा सम्प्रेषण गर्ने एडीसीलाई निर्देशन दिए। उनले एडीसीलाई झूटा खबरहरूमाथि लगाम कस्न र अफवाहलाई निरुत्साहित गर्न काम गर्ने सुझाउ दिए। आजको सभामा जिल्लामा सक्रिय मामिला (कोभिड), एईएफआई कोभिड-१९ टीकाकरण रिपोर्ट, बाहिरबाट आएका ट्याक्सीचालकहरूको तापमान जाँच, जिल्लाका दोकानदारहरूको ऱ्याण्डम टेस्टिङ र क्वारेण्टाइन सुविधाहरूको बारेमा विस्तृत छलफल भयो।

**वैशाखी पर्वले जातीय......**

विभिन्न जात र समुदायले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए भने मुख्यमन्त्रीको बाहुलीद्वारा विभिन्न सङ्घ संस्थालाई प्रशस्ति पत्र अनि स्मृति चिन्ह प्रदान गरियो।

मुख्यमन्त्रीले राज्यमा पहिलोपल्ट ऐतिहासिक कार्यक्रमको रुपमा वैशाखी पर्व पालन गरेकोमा नेपाली साहित्य परिषद, सिक्किम र वैशाखी पर्व आयोजक समितिलाई धन्यवाद दिनुभयो। सिक्किम सबै सिक्किमेको साझा फूलबारी हो भन्नुहुँदै उहाँले राज्य सरकारले सबै जात जातिलाई समान अधिकार र सम्मान दिने गरेको बताउनुभयो अनि कुनै प्रकारको सहयोग चाहिएको खण्डमा सहयोग गर्न सरकार तयार रहेको पनि थप बताउनुभयो।

वर्तमान सरकारले छुटेका १२ जात गोष्ठीलाई जनजाति मान्यताको निम्ति राज्य विधानसभामा सराकरी प्रस्ताव पारित गरेको अनि यसमाथि केन्द्र सकारात्मक रहेको कुरा बताउनुभयो। मुख्यमन्त्रीले कोभिड १९-को कारण हाल बन्द रहेका राज्यका शैक्षिक संस्थानहरू पूनः खोलिएपछि महिनामा एकपल्ट पारम्परिक जातीय पहिरन लगाउन अनिवार्य गर्ने बारेमा जनमत माग्नुभएको छ। यसरी नै ४५ वर्ष भन्दा बढ़ी उमेरका मानिसहरूलाई कोभिड १९-को टीका लगाउने अपील गर्दै १ मईदेखि ४५ वर्ष भन्दा अधिक उमेरकाहरू कुनै पनि सरकारी कार्यालय तथा सार्वजनिक परिवहनमा सवारी गर्दा कोभिड टीकाकरणको प्रमाणपत्र देखाउन अनिवार्य हुने पनि मुख्यमन्त्री प्रेमसिंह तामाङले जानकारी गराउनुभयो। मुख्यमन्त्रीको बाहुलीद्वारा नेपाली साहित्य परिषद, सिक्किमद्वारा प्रकाशित पुस्तक सिक्किमका भाषाः दशा एवं दिशा-को पनि विधिवत विमोचन गरियो।

वैशाखी पर्व आयोजक समितिका अध्यक्ष डा. एसके राई र नेपाली साहित्य परिषद सिक्किमका अध्यक्ष रुद्र पौड्यालले पनि कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो।

**विद्यार्थीहरूको निम्ति.....**

उपलब्ध गराएको एउटा सुनौलो अवसर हो। उहाँले व्यक्तिको प्रत्येक क्षेत्रमा शिक्षाको महत्त्वबारे प्रकाश पार्नुभयो। यस मेरिट अवार्डले राज्यका विद्यार्थीहरूमा अझ राम्रो गर्ने हौसला जगाउँछ भन्नुहुँदै उहाँले विद्यार्थीहरूको पक्षमा तिनीहरूका अभिभावक, शिक्षक र अन्यलाई तिनीहरूले विद्यार्थीहरूको अब्बल प्रदर्शनको निम्ति पुऱ्याएको योगदानको निम्ति सराहना पनि गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अतिरिक्त मुख्य सचिव जीपी उपाध्यायले राज्यका विभिन्न स्कूलका ५० विद्यार्थीहरूलाई सीएमएमएसएस-अन्तर्गत चयन गरिएको जानकारी दिनुभयो अनि दूरस्थ क्षेत्रका विद्यार्थीहरूलाई थप सुविधा दिनको निम्ति जङ्गु क्षेत्रलाई ५ वटा अतिरिक्त सीट दिइएको र त्यो ५ विद्यार्थीलाई टाशी नामग्याल एकाडेमी स्कूल, गान्तोकमा सीट दिइने जानकारी दिनुभयो।। चयनित अन्य ५० विद्यार्थीहरूलाई निम्नलिखित विद्यालयहरूमा सीट दिइने पनि उपाध्यायले बताउँनुभयो।- टाशी नामग्याल एकाडेमी, सन्त जेभियर्स स्कूल, पाकिम, सन्त जोसेफ कन्भेण्ट, मार्ताम, पाल्जोर नामग्याल गर्ल्स स्कूल (उक्त सबै पूर्व

रहल पृष्ठ ४ मा......

## कोभिड-१९ खोप: बारम्बार सोधिने प्रश्नहरू
## कोभिड-१९ विरूद्धको खोपको बारेमा सामान्य जानकारी

**१. के मैले कोभिड-१९ अर्थात कोरोना भाइरस रोग विरुद्धको खोप लिन जरुरी छ ?**
यो खोपले कोरोना भाइरस रोग लाग्नबाट हामीलाई बचाउँछ । खोप लगाइसकेपछि यो रोग लागिहालेमा पनि गम्भीर बिरामी हुनबाट बचाउँछ । साथै, यो खोप लगाएपछि, तपाईंबाट अरुलाई कोरोना भाइरसको संक्रमण हुनबाट जोगाउँछ।

**२. के कोरोना भाइरस रोग निको भएकाले पनि यो खोप लगाउनुपर्छ ?**
पर्छ । विश्व स्वास्थ्य संगठनका अनुसार, कोरोना भाइरसको संक्रमण भएर निको भएकालाई पनि फेरी यो संक्रमण हुन सक्ने हुनाले खोप लगाउनुपर्छ । संक्रमण निको भएपछि बन्ने एन्टिबडी शरीरमा कति लामो समयसम्म रहन्छ भन्ने यकिन/थाहा नभएकोले पनि सबैले खोप लगाउनुपर्छ ।

**३. यो खोप कुन उमेर समूहलाई दिइन्छ ?**
भारत सरकारले तोकेको प्राथमिकताको आधारमा चरणबद्ध रुपमा यो खोप ४५ वर्षभन्दा माथिका सबैलाई तोकिएका सरकारी स्वास्थ्य संस्था वा खोप केन्द्रबाट निशुल्क दिइन्छ ।

**४. के यो खोप लिएपछि फेरी कोरोना भाइरसको संक्रमण हुन्छ ?**
हुन सक्छ । यो खोप लिएपछि पनि केहि व्यक्तिहरुमा कोरोना संक्रमण हुन सक्छ । तर खोप लिएपछि कोरोना संक्रमण भएतापनि यसबाट गम्भीर बिरामी पर्ने सम्भावना निकै कम हुन्छ । त्यसैले खोप लिएपछि पनि भिडभाडमा नजाने, मास्कको अनिवार्य प्रयोग, अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गर्ने तथा बेलाबेलामा साबुन पानीले हात धुनेजस्ता स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पालनालाई निरन्तरता दिनुपर्छ ।

**५. यो खोप कहाँ लगाउन पाईन्छ ?**
यो खोप तोकिएका सरकारी स्वास्थ्य संस्था वा खोप केन्द्रहरूबाट निशुल्क दिइन्छ ।

**६. यो खोप कसले लगाउनु हुँदैन ?**
- यो खोपको पहिलो मात्रा लिएपछि गम्भिर एलर्जी (एनाफाइलेक्सिस् प्रतिक्रिया) भएको व्यक्तिहरूले
- यसभन्दा अघि अरु कुनै खोप वा औषधिसँग गम्भिर एलर्जी (एनाफाइलेक्सिस्) प्रतिक्रिया भएको
- गर्भवती महिलाहरूलाई
- यसका साथै १८ वर्ष मुनिका बालबालिकामा यो खोपको अनुसन्धान भइरहेकोले हाललाई यो समूहलाई खोप सिफारिश गरिएका छैन

**७. कुन कुन स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिन हुन्छ?**
- दीर्घरोग जस्तै- मुटु, मस्तिष्क, फोक्सो सम्बन्धी रोग, मृगौला रोग, मधुमेह (सुगर) शिकलसेल एनिमिया र क्यान्सर रोग भएका
- रोग प्रतिक्षा कमी भएका वा रोग प्रतिरक्षा कमि गर्ने औषधि सेवनकर्ताहरू
- एच.आई.भि. भएका

यस्ता स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिनु झनै आवश्यक छ । कोरोना भाइरसको संक्रमण भएमा यस्ता स्वास्थ्य समस्या भएकाहरू बिरामी हुने सम्भावना बढी भएकाले पनि उनीहरुले यो खोप लिन जरुरी छ ।

**८. यो खोप कत्तिको सुरक्षित छ ?**
सुरक्षित छ । यो खोप विश्व प्रसिद्ध अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनिकाले बृहत् वैज्ञानिक अनुसन्धानबाट विकास गरिएको हो । विश्व स्वास्थ्य संगठनले यो खोप आकस्मिक प्रयोगको लागि सिफरिस गरिसकेको छ ।

**९. यो खोपको कति मात्रा लगाउनुपर्छ ?**
यो खोपको दुई मात्रा लगाउनुपर्छ । पहिलो मात्रा लगाएको ८ हप्ता पूरा भएपछि १२ हप्ता भित्र दोस्रो मात्रा लगाउनु पर्दछ ।

**१०. यो खोप लगाएपछि के के असरहरू देखिन सक्छन् ?**
कोभिड-१९ खोप लगाएका केही मानिसहरूमा अन्य खोपहरू लगाउँदा जस्तै सामान्य असरहरू देखिन सक्छन् । यसका सामान्य असरहरूमा खोप लगाएको ठाउँमा सुन्निने, दुख्ने वा रातो हुनसक्ने, टाउको दुख्ने, ज्वरो आउने, जिउ दुख्ने, थकान वा आलस्य महशुस हुने, वाकवाकी लाग्ने, मांशपेशी वा जोर्नी दुख्ने, वान्ता आउने, आदि रहेका छन् । यस्ता सामान्य असरहरू विस्तारै ठिक भएर जान्छन् ।

**११. के यो खोपको पहिलो मात्रा लगाएपछि नै हामी सुरक्षित हुन्छौं ?**
पूर्ण रुपले सुरक्षित हुन दोस्रो मात्रा पनि लगाउनैपर्छ ।

**१२. यो खोपले कति समयसम्म सुरक्षा प्रदान गर्छ ?**
खोपको कारणले वृद्धि भएको प्रतिरोधात्मक क्षमता कति समयसम्म रहन्छ भन्ने अझैपनि यकिन भएको छैन ।

**१३. के यो खोप अभियानले नियमित खोप सेवालाई कुनै प्रभाव पार्छ?**
पार्दैन । यो खोप लगाउने समयमा पनि बालबालिका र गर्भवती महिलाहरूलाई दिइने खोप सेवा नियमित चलिरहन्छ ।

**१४. खोप सेवाका बारेमा थप जानकारी कहाँबाट पाउन सकिन्छ ?**
आफ्नो क्षेत्रमा रहेका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा आमसञ्चारका माध्यमहरू मार्फत कोरोना भाइरस रोग विरुद्धको खोप कहाँ, कहिले, कसरी र कसले पाउन सकिन्छ भन्ने जानकारी पाइन्छ । यदि तपाईं खोप पाउने प्राथमिकिकरणमा पर्नु भएको छ भने, समूह अनुसारको सूचिमा आफ्नो नाम भए नभएको स्वास्थ्य संस्था वा नगरपालिका वा गाउँपालिकामा गई यकिन गर्नुहोस् ।

**१५. के खोप लगाएपछि पनि जनस्वास्थ्यका मापदण्डहरु नियमित रुपले पालना गर्नु पर्छ ?**
कोरोना खोप लगाएपछि स्वास्थ्य सुरक्षाका अभ्यासहरूः दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने र बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने व्यवहारहरूको नियमित पालना गर्नैपर्छ । (साभार-युनिसेफ)

# उत्तर सिक्किममा पर्यटकहरू बोकेर आउने वाहनहरूको जाँच शुरू

मङ्गन।
कोभिड १९-को मामिलालाई नियन्त्रणमा ल्याउने उद्देश्यका साथ १३ अप्रेलका दिन मङ्गनमा सम्पन्न उत्तर जिल्ला कार्य दलको सभापछि १४ अप्रेलका दिनदेखि स्वास्थ्य तथा पुलिस विभागले जिल्लामा पर्यटकहरूलाई लिएर आउने वाहनहरूको जाँच शुरू गरेको छ। स्वास्थ्य तथा पुलिस अधिकारीहरूलाई जाँच, रिपोर्टिङ अनि आवश्यकता परेको खण्डमा चिकित्सा सुविधाको निम्ति सहयोग उपलब्ध गर्न काबी प्राथमिक स्वास्थ्य उपकेन्द्रमा खटाइएको छ। लक्षण देखापरेका मानिसहरूलाई रेपिड एन्टीजेन जाँचको निम्ति नजिकैको प्राथमिक स्वास्थ्य केन्द्रमा लगिनेछ।

यसरी नै डिक्चु प्राथमिक स्वास्थ्य केन्द्रममा १५ अप्रेलदेखि जाँच प्रक्रिया शुरू गरियो। जिल्ला कार्य दलद्वारा प्राथमिक सम्पर्क, दैनिक रूपमा सामु आउने नयाँ मामिलाको अपडेट अनि वर्तमान कोभिड १९-का मामिलाको सामना गर्ने प्रक्रिया, टीकाकरणसित सम्बन्धित अफवाह, ट्याक्सी चालकको तापाक्रम जाँच, दोकानेहरूको रेन्डम जाँच अनि एकान्तवास सुविधाको बारेमा ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा सूचना प्रवाह गर्ने विषयमा चर्चा गरियो।

अर्कातिर, उत्तर जिल्ला पुलिसले पुलिस अधीक्षक अङ्मो भोटियाको निगरानीमा जिल्लामा आम नागरिक, चालक तथा पर्यटकहरूका निम्ति टीकाकरण तथा मास्कको प्रयोगको सम्बन्धमा व्यापक जागरूकता अभियान आयोजन गरियो। पुलिसले सबै दोकानदार, होटल मालिकहरूसित कोभिड १९ प्रोटोकल पालन गर्ने अनि सुरक्षाका उपायहरू अपनाउने निर्देश दिएको छ।

# पूर्वोत्तर क्षेत्रमा पीएमकेभीवाई......

भूमिका निर्वाह गर्दछ। पीएमकेभीलाई ३.०-ले राज्यहरूले अरू व्यापक सहभागिताका साथै जिल्ला आधारित ऊध्वगामी पहलका साथ प्रशिक्षणहरूको कार्यान्वयनमा नाट्यकारी परिवर्तन प्रतिबिम्बितअनुसार प्रशिक्षणको लक्ष्य निर्धारण, विभिन्न क्षेत्रको बद्लिँदो आवश्यकताअनुसार परिवर्तनले पीएमकेभीवाई ३.० अन्तर्गत पूर्वोत्तरका युवाहरूको आकांक्षा पूरा गर्न सघाउ पुऱ्याउनेछ।

कार्यगोष्ठीलाई सम्बोधित गर्दै सिक्किम सरकारको कौशल विकास विभागकी सचिव गङ्गादेवी प्रधानले पूर्वोत्तरका रज्यहरू समृद्ध प्राकृतिक संसाधनका साथै कृषि जलवायु संसाधन, विविधतापूर्ण संस्कृतिक, पारम्पारिक वाणिज्य एवं कारोबारको हिसाबले विशिष्ट रहेको हुँदा पीएमकेभीवाई ३.०-को सुनियोजित कार्यान्वयनका लागि एसएसडीएस र डीएससीको सहयोग महत्त्वपूर्ण रहेको बताइन्। यस कार्यगोष्ठीले आवश्यक निवेश र दूरदर्शिताले योजनाको सफलतामा केन्द्रिय भूमिका खेल्न स्थापित भएको बताउँदै पूर्वोत्तर क्षेत्रको कला एवं शिल्पका साथै संस्कृतिलाई प्रोत्साहित गर्न मात्र नभएर लचिलो अनि सफल कौशल तन्त्र विकसित गर्न सरकारको प्रयासमा सबैले हात बढ़ाउन आवश्यक रहेको उहाँले आशय व्यक्त गर्नुभयो।

कार्यगोष्ठीमा विभिन्न योजना एवं कार्यक्रमस प्रबन्ध संरचना एवं प्रक्रिया, सुदृढ पूर्वाधार तथा यी पहलहरूमा झेल्नुपर्ने चुनौतिहरू रौंचिरा चर्चा गरियो। यसै क्रममा आठैवटा राज्यका टोलीबीच विस्तृत चर्चा पनि सम्पन्न भयो, जहाँ राज्यका अधिकारीहरूले महत्त्वपूर्ण जानकारी अनि बादाहरू साझा गर्नका साथै युवाहरूलाई उद्योगअनुरूप कौशल प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। अन्य योजनाहरू जस्तै राष्ट्रिय प्रशिक्षु प्रवर्तन योजना (एनएपीएस), जन शिक्षण संस्थान (जेएसएस), आईटीआई तथा अन्यका साथमा पीएमकेभीवाई ३.०-को सम्मिलनबारे पनि विस्तारका साथ चर्चा गरियो।

पीएमकेभीवाई १.० र पीएमकेभीवाई २.० अन्तर्गत १.२१ करोडभन्दा धेरै युवालाई देशको उन्नत एवं मानक कौशल विकासको माध्यमद्वारा प्रशिक्षित गरिसकिएको छ।

यस कार्यगोष्ठीमा आठवटा राज्यका डीएससीहरूसँग पनि संवाद गरियो, जो परोक्ष रूपमा उपस्थित भएका थिए। दुवै एसएसडीएम र डीएससीले पीएमकेभीवाई ४.० का लागि महत्त्वपूर्ण सुझाउ अघि सारे, जसलाई एमएसडीईका अतिरिक्त सचिव अनि उनको टोलीले लेखेका छन्। कार्यगोष्ठीको सफलताका लागि देशको विभिन्न क्षेत्रमा आउँदो महिनाहरूमा आयोजन गर्ने तय गरिएको छ। योजनालाई सुचारू कार्यन्वयन गर्न एसएसजीएम अनि डीएससीहरू केन्द्रिय रहनका साथै पीएमकेभीवाई ३.०-लाई प्रभावी रूपमा कार्यन्वित गर्नका अतिरिक्त पीएमकेभीवाई ४.० लागि महत्त्वपूर्ण सुझाउ अघि सारियो, जसलाई एमएसडीईका अतिरिक्त सचिव अनि उनको टोलीले लेखेका छन्। कार्यगोष्ठीको सफलताका लागि देशको विभिन्न क्षेत्रमा आउँदो महिनाहरूमा आयोजन गर्ने तय गरिएको छ। योजनालाई सुचारू कार्यान्वयन गर्न एसएसडीएम अनि डीएससीहरू केन्द्रिय रहनका साथै पीएमकेभीवाई ३.० लाई प्रभावी रूपमा कार्यान्वित गर्नका अतिरिक्त पीएमकेभीवाई ४.० योजनालाई अरू उन्नत रूपमा विकसित गर्न महत्त्वपूर्ण ठहरिनेछ। (पीआईबी)

# विद्यार्थीहरूको निम्ति.....

जिल्लाका स्कूल), नाम्ची पब्लिक स्कूल, मञ्जुश्री पब्लिक स्कूल (दक्षिण सिक्किम) र डन बस्को, मालबाँसे, सन्त मेरिज कन्भेण्ट (पश्चिम जिल्ला)। एएससी जीपी उपाध्यायका अनुसार पाल्जोर नामग्याल गर्ल्स स्कूल र मञ्जुश्री पब्लिक स्कूललाई यस वर्षदेखि उक्त स्कीमको निम्ति सामेल गरिएको हो। यस योजनाको उद्देश्य मेधावी विद्यार्थीहरूलाई उच्चतम शैक्षिक अनि संरचनात्मक सहयोग सुनिश्चित गर्नु हो जसले राज्यका विद्यार्थीहरूलाई थप हौसला प्रदान गर्नेछ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 16. 04 2021